**आज मिति २०७८/०१/०७ गते प्रमुख जिल्ला अधिकारी श्री श्रवण कुमार तिमिल्सिनाज्यूको अध्यक्षतामा बसेको DCCMC (District Covid-19 Crisis Management Center) बैठकले देहायका पदाधिकारीहरुको उपस्थितिमा निम्न बमोजिम गर्ने निर्णय गरियो ।**

उपस्थिति

प्र.जि.अ श्री श्रवण कुमार तिमिल्सिना, जिल्ला प्रशासन कार्यालय, झापा

स.प्र.जि.अ.श्री कृष्ण बहादुर शाही, जिल्ला प्रशासन कार्यालय, झापा ।

प्र.उ.श्री सानुराम भट्टराई, जिल्ला प्रहरी कार्यालय, झापा

स.प्र.उ श्री रमेश कुमार पाण्डे, सशस्त्र प्रहरी वल, २ नं. गण हे.क्वा, झापा

उप अनुसन्धान निर्देशक श्री तिलक प्रसाई, जिल्ला अनुसन्धान कार्यालय, झापा

सह सेनासी श्री प्रशान्त के.सी., नेपाली सेना नयाँ श्रीनाथ गण चारआली व्यारेक, झापा

नि.जि.स.अ.श्री,कृष्ण बहादुर कार्की जिल्ला समन्वय समिति झापा

शा.अ.श्री रेखनाथ दहाल मेची अंचल अस्पताल, झापा

प्रमुख श्री ईश्वरी प्रसाद पौडेल, स्वास्थ्य कार्यालय, झापा

अधिकृत श्री हरिशरण खड्का, नेपाल रेडक्रस सोसाइटी, झापा शाखा

निर्णयहरु :-

१. कोभिड-१९ सम्बन्धी अघिल्लो बैठकमा भएका निर्णयहरुको समिक्षा तथा विश्लेषण गरियो ।

२. गृह मन्त्रालय को च.नं. ३०४४ मिति २०७८/०१/०६ को पत्रसाथ प्राप्त प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मं.बै./३२१/४९८५ मिति २०७७८/०१/०६ को पत्र मार्फत कोभिड-१९ सम्बन्धी नेपाल सरकार, मन्त्रिपरिषद्को बैठकको निर्णयहरु कार्यान्वयनको लागि लेखि आएको हुँदा तपशिल बमोजिमका निर्णयहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने निर्णय गरियो।

(क) विश्वव्यापी रुपमा फैलिदै गइ रहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ महामारी नेपालमा समेत सङ्क्रमण बढ्दै गएको सन्दर्भमा सोको रोकथाम तथा नियन्त्रणका लागि मेचीनगर नगरपालिका, विर्तामोड नगरपालिका, दमक नगरपालिकामा संवत् २०७८ साल वैशाख मसान्तसम्म भौतिक रुपमा उपस्थित नभई भर्चुअल वा वैकल्पिक शिक्षण सिकाइका विधिहरु अपनाई शैक्षिक गतिविधि सञ्चालन गर्ने, विद्यालय र कलेजका पूर्व निर्धारित परीक्षा तथा चिकित्सा शिक्षाका सबै किसिमका प्रयोगात्मक कक्षा जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन गर्ने ।

(ख) सिनेमा हल, पार्टी प्यालेस, डान्स बार, दोहोरी, नाचघर, क्लब, हेल्थ क्लब, जिम खाना, स्विमिङ पुल, फुटसल, सभा, आमसभा, जुलुस, हाटबजार, रङ्गशालामा हुने दर्शक सहितको खेलकुद र मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम संवत् २०७८ साल वैशाख मसान्तसम्म बन्द गर्ने ।

(ग) मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी संवत् २०७८ साल वैशाख मसान्तसम्म नित्य पूजा, ध्यान र प्रार्थना मात्र गर्ने गराउने ।

(घ) एक पटकमा पच्चीस जना भन्दा बढी हुन नहुने, कुनै पनि सामान अनावश्यक नछुने, दुई व्यक्तिको बीचमा दुई मिटर दुरी कायम गर्ने, मास्क अनिवार्य प्रयोग गर्ने, पटक पटक साबुन पानीले हात धुने वा सेनिटाइज गर्ने गरी सपिङ मल, डिपार्टमेण्टल स्टोर सञ्चालन गर्ने । जनस्वास्थ्य सम्बन्धी मापदण्ड पालना गर्ने गराउने दायित्व सम्बन्धित व्यवस्थापक वा सञ्चालकको हुने ।

(ङ) मेला, महोत्सव, जात्रा, पर्व, विवाह, न्वारान, पास्नी, व्रतबन्ध, धार्मिक अनुष्ठान, मलामी लगायतका अत्यावश्यक परम्परागत धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरु सञ्चालन गर्दा पच्चीस जना भन्दा बढी नहुने र जनस्वास्थ्यका मापदण्डको पालना हुने गरी मात्र सञ्चालन गर्ने । विवाह वा व्रतबन्धका लागि पार्टी प्यालेस प्रयोग गर्नु पर्ने भएमा जनस्वास्थ्यका मापदण्ड पालना गरि प्रमुख जिल्ला अधिकारीको पूर्व स्वीकृति लिई पच्चीस जनामा नबढ्ने गरी गर्ने ।

(च) सभा, सम्मेलन, गोष्ठी, सेमिनार, समीक्षा, बैठक, तालीम, प्रशिक्षण जस्ता क्रियाकलापहरु सञ्चालन गर्दा भर्चुअल माध्यमबाट गर्ने । भौतिक रुपमा उपस्थित भई गर्नै पर्ने भएमा बढीमा पच्चीस जना मात्र सहभागी रहने गरी जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन गर्ने तर सुरक्षा निकायको आन्तरिक तालिमको हकमा जनस्वास्थ्यका मापदण्ड पालना हुने व्यवस्था मिलाई सञ्चालन गर्न सकिने ।

(छ) सार्वजनिक यातायात सञ्चालन सम्बन्धमा देहाय बमोजिम गर्ने :

- सिट क्षमता भन्दा बढी यात्रु नराख्ने,
- सबै यात्रुलाई मास्क अनिवार्य गर्ने,
- सवारी साधनको ढोकामा र सवारी साधनभित्र सेनिटाइजरको व्यवस्था गर्नु पर्ने,
- चालक तथा सहचालकले मास्क र भाइजर लगाउनु पर्ने,
- सवारी साधनलाई दैनिक रुपमा निसङ्क्रमित गर्नु पर्ने,
- सार्वजनिक यातायातमा कुनै यात्रुले मास्क नलगाई आएमा चालक वा सहचालकले बढीमा दश रुपैयाँ लिई मास्क उपलब्ध गराउनु पर्ने,
- मास्क नलगाउने व्यक्तिलाई सवारी साधनमा प्रवेश गर्न नदिने,
- लामो दूरीमा चल्ने सार्वजनिक यातायातमा बीच बाटोमा थप यात्रु नचढाउने गरी शुरु गन्तव्यदेखि अन्तिम गन्तव्यसम्म यातायात सञ्चालन गर्ने र यात्रुहरुको विवरण जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र (डिसिसिएमसि) लाई उपलब्ध गराउने ।

(ज) आन्तरिक हवाई उडान सञ्चालन सम्बन्धमा चालक दल तथा सबै यात्रुलाई मास्क तथा भाइजर अनिवार्य गर्ने, हवाई जहाजभित्र सेनिटाइजरको व्यवस्था गर्नु पर्ने, प्रत्येक उडान पछि हवाई जहाजलाई र व्यागेजलाई निसङ्कमित गर्नु पर्ने, चेक इन, बोर्डिङ, व्यागेज क्लेम गर्ने स्थान तथा प्रतिक्षालयमा भिडभाड हुन नदिने र जस्वास्थ्यका मापदण्ड लागू गर्ने ।

(झ) कार्यालय र पसल जस्ता सार्वजनिक स्थालमा सेनिटाइजर र मास्कको प्रयोग अनिवार्य गर्ने। कुनै व्यक्तिले मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा दश रुपैयाँ लिई मास्क उपलब्ध गराउने । मास्क नलगाउने व्यक्तिलाई कार्यालय तथा पसलमा प्रवेश गर्न नदिने ।

(ञ) होटेल तथा रेष्टुरेण्टले बिहान ८ बजेदेखि बेलुका ८ बजेसम्म देहाय बमोजिमका मापदण्ड पालना गरी सेवा दिने र सो समय पश्चात् टेकअवे र होम डेलिभरी मात्र उपलब्ध गराउने :

- होटेल तथा रेष्टुरेन्टका कामदारले अनिवार्य रुपमा मास्क, भाइजर र पञ्जा लगाउने,
- होटेल तथा रेष्टुरेन्टमा प्रवेश गर्ने सबै सेवाग्राहीलाई मास्क अनिवार्य गर्ने,
- कम्तीमा दुई मिटरको भौतिक दूरी कायम गर्नु पर्ने,
- सेनिटाइजरको व्यवस्थापन गर्नु पर्ने,
- होटेल तथा रेष्टुरेण्टलाई नियमित रुपमा निसङ्कमित गर्नु पर्ने,
- होटेल तथा रेष्टुरेण्टमा कुनै सेवाग्राही मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा दश रुपैयाँ लिई मास्क उपलब्ध गराउनु पर्ने र मास्क नलगाउने व्यक्तिलाई होटेल तथा रेष्टुरेण्ट प्रवेश गर्न नदिने ।

(ट) राष्ट्रिय राजमार्गहरुमा सञ्चालित होटेल तथा रेष्टुरेन्टहरुले बुँदा नं. (ञ) बमोजिमका जनस्वास्थ्यका मापदण्डहरु पालना गरी भिडभाड नहुने व्यवस्था मिलाई आलोपालो गरी सेवा दिने ।

(ठ) सार्वजनिक तथा निजी सेवा प्रदायकले सम्भव भएसम्म विद्युतीय प्रणाली मार्फत सेवा प्रदान गर्ने व्यवस्था मिलाउने ।

(ड) नियमित रुपमा सञ्चालन हुनु पर्ने स्वास्थ्य सेवाहरु जनस्वास्थ्यका मापदण्ड पालना गरी नियमित सञ्चालन गर्ने ।

(ढ) कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र निगरानीका लागि टोल सुधार समिति वा उपभोक्ता समिति देहाय बमोजिम गर्ने :

- कोभिड-१९ सम्बन्धमा व्याप्त भ्रम हटाउने, समुदायमा सही सूचना समिति वा उपभोक्ता जनस्वास्थ्यका मापदण्डहरु पालना गर्न प्रोत्साहन गर्ने ।
- परीक्षण, क्वारेन्टिन, आइसोलेसन तथा उपचारको लागि सम्पर्क गर्न आवश्यक सहयोग गर्ने ।
- क्वारेन्टिन वा आइसोलेसनमा बस्नु पर्ने व्यक्ति त्यसरी क्वारेन्टिन वा आइसोलेसनमा बसे नबसेको सूचना स्थानीय तहलाई दिने ।
- घर वा होटेलमा क्वारेन्टिन वा आइसोलेसनमा बसेका व्यक्तिलाई आवश्यकता अनुसार स्वास्थ्य सम्बन्धी जानकारी उपलब्ध गराउने तथा परामर्श दिने, आवश्यकता अनुसार फलोअप गर्ने र सूचना अद्यावधिक गर्न कन्टयाक्ट ट्रेसिङ समूहलाई सहयोग गर्ने ।
- दुई मिटरको भौतिक दुरी, मास्कको अनिवार्य प्रयोग, सार्वजनिक स्थानमा साबुन पानीले हात धुने लगायत जनस्वास्थ्यका मापदण्डहरु पालना भए नभएको सूचना स्थानीय तहलाई दिने ।
- साठी वर्ष माथिका नागरिक, दीर्घ रोग भएका व्यक्तिलाई घर बाहिर नजान अनुरोध गर्ने र जानै पर्ने अवस्था भएमा जनस्वास्थ्यका मापदण्ड पालना गरी गन्तव्यसम्म पुग्न र फर्किन सहजीकरण गर्ने ।
- कोभिड-१९ विरुद्धको अभियानमा स्थानीय सङ्घ संस्था, क्लब, शिक्षक तथा स्वयं सेवक परिचालनका लागि स्थानीय तहलाई सहयोग गर्ने ।

(ण) कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र निगरानीका लागि आम नागरिकले देहायबमोजिम गर्ने :

- जनस्वास्थ्यका मापदण्डको पूर्ण रुपमा पालना गर्ने ।
- घर बाहिर निस्कँदा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, प्रयोग गरिएका विसर्जन गर्नु पर्ने मास्क बन्द डस्टबिन वा प्लास्टिक झोलामा बन्द गरी सुरक्षित साथ राखि पाँच दिन पछि मात्र विसर्जन गर्ने ।
- घर तथा सार्वजनिक स्थानमा जथाभाबी नथुक्ने र प्रयोग गरेको मास्क नफाल्ने ।
- विदेशबाट नेपालमा आउँदा वा निकट सम्पर्कमा रही कन्टयाक्ट ट्रेसिङमा परेमा परीक्षणबाट नतिजा नेगेटिभ भए तापनि कम्तीमा दश दिन होम क्वारेन्टिनमा अनिवार्य रुपमा बस्ने ।
- पी.सी.आर. परीक्षणका लागि प्रयोगशालामा स्वाब दिए पछि नतिजा नआएसम्म बाहिर हिँडडुल, भेटघाट र बैठक नगर्ने ।
- स्थानीय तहमा क्वारेन्टिन र आइसोलेसनमा बसेका व्यक्तिलाई सक्दो सहयोग गर्ने ।
- अन्य व्यक्तिले जनस्वास्थ्यका मापदण्ड पालना नगरेमा स्थानीय तह, स्थानीय प्रशासन, स्वास्थ्य संस्था, टोल सुधार समिति, उपभोक्ता समिति वा सम्बद्ध अन्य निकाय वा संस्थालाई यथाशिघ्र जानकारी गराउने ।
- होम आइसोलेसनमा बसेका व्यक्ति स्वास्थ्यकर्मीको नियमित सम्पर्कमा रहने र स्वास्थ्य सम्बन्धी कुनै समस्या भएमा तुरुन्तै नजिकको अस्पतालमा जाने ।

३. माथि उल्लेखित व्यवस्था उल्लङ्घन गर्ने वा कार्यान्वयनमा बाधा पुऱ्याउने व्यक्ति तथा संस्थालाई सङ्क्रामक रोग ऐन, २०२० तथा प्रचलित कानुन बमोजिम कारवाही गर्ने ।